# सरकारको तयारी चुस्त दलहरू सुस्त

पृष्ठ १ बाट

'निर्वाचन आयोगबाट प्राप्त निर्णयहरूसमेतलाई आत्मसात् गरी उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै निर्वाचन सम्पन्न गर्न नेपाल प्रहरी दृढ संकल्पित छ', नेपाल प्रहरीका प्रवक्ता डिआइजी अभिनारायण काफ्लेले भने। उनका अनुसार निर्वाचनमा नेपाल प्रहरीको भूमिका महत्त्वपूर्ण हुने भएकाले निर्वाचन लक्षित गस्तीलाई थप प्रभावकारी र पहुँचलाई व्यापक बनाइएको छ। हालसम्म लामो दुरीको गस्ती एक हजार एक सय ३६ पटक र सानो दुरीको गस्ती तीन लाख ८९ हजार नौ सय ६० पटक गरिएको छ। यी गस्तीमा १३ लाख ४६ हजार तीन सय २८ जनशक्ति परिचालित गरिएको छ। निर्वाचनको विषयलाई लिएर हुन सक्ने तोडफोड, आगजनीजस्ता क्रियाकलाप नियन्त्रण गर्न दिनानुदिन प्रहरीले गस्तीलाई अझ प्रभावकारी रूपमा वृद्धि गर्दै लगेको प्रहरीले जनाएको छ।

'निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गराउन प्रहरीले नियमित गस्तीका साथै सूचना संकलन, खतरा मूल्यांकनसहितको विश्लेषण तथा प्रवाहलाई प्रभावकारी बनाउने कार्य गरिरहेको छ। सीमा क्षेत्रमा हुने घुसपैठ र आपराधिक क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमनमा प्रभावकारी रूपमा प्रहरी परिचालन गरिएको छ,' डिआइजी काफ्लेले भने, 'उम्मेदवार, मतदाता, राजनीतिक दलका नेता, महत्वपूर्ण व्यक्ति, निर्वाचन पर्यवेक्षक, सञ्चारकर्मी, चुनाव प्रचारप्रसार र विजय जुलुसको सुरक्षा व्यवस्थापनलाई मजबुत बनाउन आवश्यक सुरक्षा रणनीति अवलम्बन गरिएको छ। निर्वाचन आयोग र पदाधिकारी, निर्वाचनमा खटिने कर्मचारी, राजनीतिक दलका कार्यालय, मतदानस्थल, निर्वाचन तथा मतदान सामग्री, मतपत्र छपाइ, मतपेटिका ढुवानी, मतगणनास्थल लगायतको सुरक्षा व्यवस्थापनमा समेत थप संवेदनशील भई आवश्यक रणनीतिहरू तयार गरिएका छन्।'

प्रहरीले उम्मेदवारको सुरक्षा सुनिश्चितता,सामाजिकसञ्जालहरूको दुरुपयोगबाट उत्पन्न हुन सक्ने प्रतिकूल अवस्थाको नियन्त्रण, देशभर स्वतन्त्र उम्मेदवारका नाममा राजनीतिक दल प्रमुख, उम्मेदवारहरूविरुद्धमा उत्पन्न हुन सक्ने गतिविधि नियन्त्रणमा समेत सक्रिय रूपमा अगाडि बढिरहेको जनाएको छ। आन्दोलनका क्रममा लुटिएका तथा हराएका हतियारलगायत सामग्रीबाट हुन सक्ने सम्भावित खतरालाई निस्तेज गर्न त्यस्ता हतियारको पहिचान र बरामद गर्न नेपाल प्रहरीले विशेष टोली बनाई परिचालन गरेको जनाएको छ। 'आन्दोलनका क्रममा लुटिएका तथा हराएका हतियार बरामदका साथै कारागारबाट फरार कैदीबन्दी एवं हिरासतबाट फरार थुनुवाहरूलाई पक्राउ गर्न प्रहरीले सात वटै प्रदेशमा विशेष अभियान सञ्चालन गरेको छ। निर्वाचनलाई सुरक्षित तवरले सम्पन्न गराउने क्रममा देखा पर्न सक्ने सम्भावित चुनौतीहरूको पहिचान र त्यस्ता चुनौतीहरूको सामना गर्न प्रहरी कटिबद्ध छ।' निर्वाचनलाई सुरक्षित रूपमा सम्पन्न गराउन आवश्यक तयारीका निमित्त नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उमाप्रसाद चतुर्वेदीको अध्यक्षतामा केन्द्रीय निर्वाचन सेल गठन गरिएको छ।

यसैगरी सशस्त्र प्रहरी बल नेपालले पनि निर्वाचन सुरक्षाका लागि तयारी पूरा गर्दै लगेको जनाएको छ। सशस्त्र प्रहरीले सीमा नाकामा हुने चोरी-तस्करी नियन्त्रण गर्नुका साथै निर्वाचनका लागि विशेष युनिट नै बनाएर परिचालित भएको बताएको छ। सशस्त्र प्रहरी बलका प्रवक्ता डिइआइजी मनीष थापाले निर्वाचन लक्षित धेरै काम भइसकेको र भइरहेको बताए।

'सशस्त्र प्रहरीले निर्वाचन सेल गठन गरिसकेको छ। केन्द्रदेखि गुल्मसम्म सबै युनिटमा निर्वाचन लक्षित प्रशिक्षण दिइएको छ। सरकारले बनाएको एकीकृत सुरक्षा योजना २०८२ अनुसार नै सशस्त्र प्रहरीले सबै तयारी गरेको छ। निर्वाचनलाई सम्पन्न गर्न आवश्यक सुरक्षा व्यवस्था तयारी हालतमा छ,' सशस्त्र प्रहरीका प्रवक्ता डिआइजी मनीष थापाले भने। नेपाली सेना र नेपाल प्रहरीले पनि यो विषयमा समन्वय गरिरहेका कारण सशस्त्र प्रहरीलाई आइपरेको जिम्मेवारीअनुसार नै खटिने पनि डिआइजी थापाले बताए।

# यौन दुराचारी एपस्टाइनका सार्वजनिक फाइलमा अझै रहस्य

पृष्ठ १ बाट

जसमध्ये धेरै सामग्री यसअघि नै सार्वजनिक वा चुहावट भइसकेकाले नयाँ जानकारीको अभाव भएको आरोप कतिपयको छ।

सार्वजनिक फाइलसँगै पूर्वराष्ट्रपति बिल क्लिन्टनका दर्जनौं तस्बिर बाहिरिएका छन्, जसमध्ये स्विमिङ पुलमा आराम गर्दै गरेको एउटा तस्बिर सबैभन्दा बढी चर्चित बनेको छ। त्यसमा एक युवतीको अनुहार लुकाइएको छ। विभागले पीडित भनेर उल्लेख गरेको छ। क्लिन्टन घिस्लेन म्याक्सवेलसँग स्विमिङ पुलमा, पप स्टार माइकल ज्याक्सनसँग र अन्य सामाजिक कार्यक्रमहरूमा समेत देखिएका छन्।

। यसैगरी राष्ट्रपति ट्रम्प, अर्बपति बिल गेट्स, तत्कालीन बेलायती राजकुमार एन्ड्रयु, उनकी पूर्वपत्नी सारा फर्गुसन, हलिउड अभिनेता केभिन स्पेसी र क्रिस टकर, संगीतकार मिक ज्यागर र डायना रोस, अर्बपति रिचर्ड ब्रान्सन जस्ता चर्चित व्यक्तिका तस्बिरहरू पनि फाइलसँगै सार्वजनिक भएका छन्। तर यी तस्बिर मुख्य रूपमा सामाजिक भेटघाट वा पार्टीका छन् र यौन अपराधसँग प्रत्यक्ष जोडिएका प्रमाणित भएका छैनन्। तर यी तस्बिरहरूले एपस्टाइनको शक्तिशाली 'संगत'लाई उजागर गरेका छन्, जसले गर्दा यी व्यक्तिहरूमाथि थप प्रश्न उठेका छन्।

सबैभन्दा बढी प्रतीक्षा गरिएको 'क्लाइन्ट लिस्ट' अर्थात् एपस्टाइनका ग्राहकहरूको सूची भने अझै गोप्य राखिएको छ। विभागले यसअघि नै यस्तो छुट्टै सूची अस्तित्वमा नभएको दाबी गरेको थियो। तर आलोचकहरूले यसलाई बहाना मात्र भनेका छन्। सार्वजनिक फाइलहरूमा १२ सयभन्दा बढी पीडितहरूको नाम र पहिचान नखुल्ने गरी 'कालो' पोतिएको छ।

उपन्यायमन्त्री टोड ब्लान्चले पीडितहरूको गोपनीयता, चलिरहेको अनुसन्धान र राष्ट्रिय सुरक्षाका कारण रिड्याक्सन (कालो पार्ने) कार्य भएको दाबी गरेका छन्। तर उनको दाबीलाई पर्याप्त मानिएको छैन। जानकारका अनुसार विभागको वेबसाइटबाट कम्तीमा १६ वटा फाइल हटाइएका छन, जसमा ट्रम्पका तस्बिरहरू रहेको मानिएको छ। यसले झन् शंका र आक्रोश बढाएको छ।

यो अपूर्ण सार्वजनिकीकरणको अमेरिका र विश्वभर कडा आलोचना भइरहेको छ। रिपब्लिकन र डेमोक्र्याट दुवै दलका सांसदले विभागको यो कदमलाई कानुनको उल्लंघन भनेका छन्। ओरेगनका सिनेटर जेफ मर्कलीले ट्रम्प प्रशासनमाथि कानुन पालना नगरेको आरोप लगाएका छन्। मर्कलीका अनुसार महत्त्वपूर्ण प्रमाणहरू लुकाइएका कारण पीडितले यसबाट न्याय पाउने छैनन्।

> सार्वजनिक दस्तावेजले अमेरिकी राजनीति र समाजमा ठुलो हलचल ल्याएको छ। यो दस्तावेजले एपस्टाइन प्रकरणलाई फेरि अन्तर्राष्ट्रियस्तरमा चर्चाको विषय बनाएको छ तर पीडित र आलोचकहरूले यसलाई 'अपर्याप्त र ढिलासुस्तीपूर्ण' भनेका छन्।

यो प्रकरणले विश्वव्यापी रूपमा शक्तिशाली व्यक्तिहरुको आचरण र गोपनीयताको मुद्दालाई फेरि बाहिर ल्याएको छ। विभागले यी दस्तावेज पहिलो चरणमा सार्वजनिक गरिएको र थप चाँडै जारी हुने दाबी गरेको छ। तर आलोचकहरूले यो राजनीतिक दबाब र मध्यावधि चुनावी फाइदाका लागि मात्र गरिएको आरोप लगाएका छन्। क्लिन्टनका प्रवक्ताले यसलाई राजनीतिप्रेरित भनेका छन्। ट्रम्प पक्षले भने यसलाई पारदर्शिताको कदम दाबी गरेको छ।

दस्ताबेजहरू सार्वजनिक गरिएकै दिन लाखौंले एकसाथ हेर्न खोज्दा वेबसाइटमा गम्भीर समस्या देखिएको थियो। यसले यो विषयप्रति आम चासो कति छ भन्ने स्पष्ट हुन्छ।

**एपस्टाइन फाइल के हो?**

जेफ्री एपस्टाइन एक अमेरिकी लगानीकर्ता तथा दोषी प्रमाणित यौन अपराधी थिए। उनीमाथि नाबालिग केटीहरूमाथि यौन शोषण, तस्करी र अन्य अपराधको आरोप लगाइएको थियो। उनी सन् २०१९ मा अमेरिकी जेलमा रहस्यमय ढंगले मृत भेटिएका थिए, जसलाई आत्महत्या भनिए पनि कपितयले षड्यन्त्र ठानेका छन्।

'एपस्टाइन फाइल' भनेको उनको जीवन, अपराधहरू, संघीय अनुसन्धान, मृत्यु र संगतसँग जोडिएका दस्ताबेजहरूको संग्रह हो। यसमा एफबिआईका पुराना उजुरीहरू, गुप्तचर रिपोर्टहरू, उडान अभिलेखहरू (जसमा चर्चित व्यक्तिहरूको यात्रा विवरण छ), सम्पर्क सूचीहरू, घर तथा निजी टापु (लिटल सेन्ट जेम्स) का तस्बिर, अडियो तथा भिडियो र अन्य प्रमाण समावेश छन्।

यी फाइलहरू मुख्य रूपमा एपस्टाइनकी पूर्वप्रेमिका तथा सहयोगी घिस्लेन म्याक्सवेलसँग जोडिएका सामग्रीबाट प्राप्त भएका हुन्, जसलाई सन् २०२२ मा दोषी ठहराइएको थियो। एपस्टाइनको शक्तिशाली तथा चर्चित व्यक्तिहरूसँगको घनिष्ठ सम्बन्धका कारण यो प्रकरण लामो समय गोप्य राख्ने प्रयास भएको मानिन्छ।

यो फाइलले अमेरिकी न्याय प्रणालीमा उच्च पदस्थ व्यक्तिहरूको संलग्नता र दुरुपयोगको मुद्दालाई बाहिर ल्याएको छ। अहिले सर्वसाधारणले पारदर्शिताको माग गरिरहेका छन्। नयाँ कानुनले यसलाई सार्वजनिक गर्न बाध्य बनाए पनि पूर्ण खुलासा नहुँदा यो विवादास्पद र झन् रहस्यमयी बनेको छ।

(एजेन्सीको सहयोगमा)

# मनलाग्दी मनोपरामर्श तालिम

पृष्ठ १ बाट

नेपाल सरकारले मंसिर २४ देखि फागुन ३० गतेसम्म 'स्वस्थ मन, स्वस्थ जीवन-मनको कुरा गरौं' भन्दै राष्ट्रिय मानसिक स्वास्थ्य सचेतना अभियान सुरु गरेको छ। नेपालमा मानसिक स्वास्थ्य जस्तो संवेदनशील विषयसँग सम्बन्धित मनोपरामर्श तालिम पनि मनलाग्दी सञ्चालन भइरहेको छ।

आफूखुशी शुल्क लिएर विभिन्न संस्था र इन्स्टिच्युटले चलाउने मनोविमर्शकर्ताको तालिमको कुनै घेराबार छैन। नियमनकारी निकायको नियमन अभावमा अनलाइनबाट तालिन दिने र ८/९ कक्षा पढ्केकाको हातमा समेत मनोविमर्शकर्ताको प्रमाणपत्र थमाउने गरिएको छ। तालिम प्रदायकहरुले पैसाको लोभमा मनलाग्दी तालिम कक्षा चलाइरहेका छन्। ७८० घण्टा तालिम लिएका मनोविमर्शकर्ता मानसिक स्वास्थ्य समस्यामा भएका मानिससँग कसरी प्रस्तुत हुने भन्नेमै अलमलमा छन्।

मानसिक समस्यामा परेकालाई मनोविमर्श सेवा प्रवाह गर्ने उद्देश्यले तालिम लिएका उनीहरु पछिल्लो समय घुमाउरो बाटोबाट अनुकूलताको पेसागत राजनीति गर्दैछन्। प्राप्त प्रमाणपत्रमाथि प्रश्नचिन्ह उठेपछि उनीहरू मनोविमर्शकर्ता संघ निर्माणमा लागेका छन्।

मापदण्डविपरीत मनोपरामर्श तालिम प्रदान गर्दै आएका तालिम केन्द्रहरूमाथि अहिले आफूहरुका उत्पादनलाई मान्यता दिलाउन उद्यत् भएको आरोप लाग्न थालेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को कार्यसूचीअनुसार ७८० घण्टाको कोर्ष पढाएको दाबी गर्दै प्रमाणपत्र हातहातमा थमाएका तालिम केन्द्रहरुले आफ्नो उत्पादन र क्षमताको स्वमूल्याँकन नगरी अधिकारका लागि दबाब सिर्जना गर्दैछन्। उनीहरुमध्ये केहीले त समाजलाई गतिलो योगदान दिएका पनि छन्।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का सूचना अधिकारी एकराज अधिकारीले केही संस्था वा इन्स्टिच्युटलाई तालिम सञ्चालनको अनुमति दिएको स्वीकार गर्दै अनलाइन तालिम र १२ कक्षा पास नगरेकालाई पनि दिइएका तालिम भने मापदण्डविपरीत भएको बताए। 'यो कक्षा १२ पास गरेकालाई मात्र दिने तालिम हो। अर्को कुरा अनलाइनबाट तालिम दिनै मिल्दैन। सबै फिजिकल रुपमा दिनैपर्ने तालिम हो। अनलाइन तालिम आधिकारिक होइन। ६२० घण्टा भौतिक उपस्थितिमा हुनैपर्छ र १६० घण्टा ओजेटी गर्नुपर्छ', उनले भने। मापदण्डविपरीत सञ्चालन गरिएका तालिमबारे प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) लाई कुनै जानकारी नभएको उनले बताए।

गत साता पोखरामा ५० जना मनोविमर्शकर्ता जम्मा गरेर राष्ट्रिय भेला गर्दै मनोविमर्श संघ गठन गरी महासचिव बनेका सुदिप घिमिरे सिटिइभिटीले ७८० घण्टे कोर्स विकास गरेर करिब दुई दर्जन संस्थालाई तालिम चलाउन स्वीकृति दिएको बताउँछन्। 'सिटिइभिटीले हामीलाई तालिम चलाउन अनुमति दियो तर अहिले पालिकामा विज्ञापन गर्दा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तालिम लिएको भनेर माग गरिन्छ', उनले भने। उनका अनुसार राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र आफैंले मनोविमर्शकर्ताको तालिम दिएको छैन तर उसले मानसिक स्वास्थ्यमा काम गर्ने केही संस्थालाई तालिम सञ्चालन गर्न लगाएको छ। 'हामीले उत्पादन गरेका २ हजार ५ सय परामर्शदाता काम नपाएर बसेका छन् तर स्थानीय तहले खुलाएको विज्ञापनमा हामीले तालिम दिएकाहरु योग्य मानिँदैनन्। काउन्सिलर हुन १२ कक्षा पास चाहिन्छ तर पालिकाको विज्ञापनमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तालिम लिएको वा व्याचलर तह पास, एचए पास वा नर्स पास भएको सर्त राखिन्छ', उनले भने।

सिटीइभिटीबाट काउन्सिलरका लागि सम्बन्धन लिएका भनिएका र नलिएका धेरै तालिम केन्द्रले अनलाइनबाट र ८ कक्षा पास गरेकालाई पनि तालिम दिइरहेको स्वीकार गर्दै महासचिव घिमिरेले भने, 'कहीं कतै त्यस्तो भएको छ तर त्यसलाई राज्यले अनुगमन गरेर नियमन गर्नु पऱ्यो नि।' उनले तालिम लिएका मनोविमर्शकर्तालाई राज्यले प्रमाणीकरण गर्नुपर्ने र स्थानीय तहले गरेका विज्ञापनमा आवेदन फाराम भर्न दिनुपर्ने मनोविमर्श संघको माग रहेको बताए। 'हामी संगठित भएका छौं। पछिल्लो समय स्थानीय तहहरुले मनोपरामर्शकर्ताको विज्ञापनमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तालिम लिएको वा स्वास्थ्य विषय पढेको वा स्नातक तह पास भनेर शैक्षिक योग्यता तोकेका कारण हामीले विरोध गरेका हौं।'

मनोविमर्श संघका अध्यक्ष बनेका विजय आचार्य अनलाइन र फिजिकल तालिममा खासै फरक नपर्ने दाबी गर्छन्। 'सन् २००२ देखि २०१० सम्म पाठ्यक्रम नहुँदासम्म केही संस्थाले द्वन्द्व प्रभावित क्षेत्रमा काम गर्न तालिम चलाएका थिए। २०१० मा सिटिइटिभिटीले पाठ्यक्रम बनाएपछि ७८० घण्टाको तालिम चलिरहेको छ', उनले भने, 'त्यो पाठ्यक्रमअनुसार विभिन्न संस्थाले तालिम सञ्चालन गरे। यसरी तालिम लिएकाहरूमध्ये केही अहिले पनि ठाउँठाउँमा कार्यरत छन्।' उनले आफ्ना दुईवटा तालिम केन्द्रमध्ये एउटा सिटिइभिटीसँग आबद्ध नभएको स्वीकार गरे।

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रकी निर्देशक यशोदा अर्यालले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्रदान गर्ने भनिएको तालिमबारे आफूलाई जानकारी नभएको बताइन्। 'हामीले मनोसामाजिक परामर्शकर्ताको आवश्यकता महसुस गरेर गुणस्तर कायम गर्दै तालिम सञ्चालन गरिरहेका छौं।' उनले सिटिइभिटीका नाममा सञ्चालन भएका तालिम केन्द्रको नियमन उसैले गर्नुपर्ने बताइन्। 'अनलाइनबाट यस्तो तालिम सञ्चालन हुन सक्दैन। अर्को कुरा योग्यता नभएकालाई सहभागी गराउनु पनि गलत हो', उनले भनिन्।

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले सीप जाँच गरेर मात्र मात्र प्रमाणपत्र दिन्छ। केन्द्रको तालिम प्रमाणित कोर्षअनुसार चलेको हुँदा उत्पादित जनशक्ति सक्षम हुने उनले बताइन्। तर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का नाममा चलाइएका तालिम केन्द्रले पैसाको कमाउन निश्चित शैक्षिक मापदण्ड पूरा नगरेका र ८/९ कक्षा पास गरेकालाई पनि तालिम प्राप्त भन्दै प्रमाणपत्र बाँडेका छन्। मानसिक स्वास्थ्य क्षेत्रमा काम गरिरहेका एक मनोविद्र भन्छन्, 'मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने जनशक्ति योग्य भएन भने कुनै पनि बेला दुर्घटना हुन सक्छ।' उनका अनुसार आफूखुशी शुल्क लिएर यस्तो तालिम दिने संस्थाको नियमन राज्यले गर्नुपर्छ। मानसिक स्वास्थ्य जस्तो संवदनशील विषयमा परामर्श दिने जनशक्तिको दक्षतामा पनि राज्यले चासो दिनुपर्छ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, सुर्खेत शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०९/०७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदी समेत बैंकको सम्पुर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल माघ महिना १० गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल जेठ महिना १९ गतेको "आर्थिक" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सार्वजनिक सूचना** तथा **मिति २०८२ साल असोज महिना २९ गतेको "आर्थिक" राष्ट्रिय दैनिकमा** पुनः धितो लिलाम सम्बन्धी **१५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम र ठेगाना :** |
| नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. ४३१५/०७०/७१ कायम भई मिति २०७१/०१/०३ मा दर्ता भएको सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६ स्थित **अनुभव हार्डवयर** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| १. एकेन्द्रलाल ढुंगानाको नाति, मोहनलाल ढुंगनाको छोरा, सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. १ बस्ने **महेन्द्र ढुंगाना** । |
| २. इन्द्र लाल शर्माको छोरी, महेन्द्र ढुंगानाको श्रीमती, सुर्खेत जिल्ला, उत्तरगंङ्गा उ.म.न.पा./गा.वि.स. वडा नं. १ बस्ने **डम्मर कुमारी ढुंगाना** । |
| ३. मोहनलाल ढुंगानाको नातिनी, महेन्द्र ढुंगानाको छोरी, सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. २ बस्ने **आस्था ढुङ्गेना** । |
| **धितो सुरक्षणको विवरण :** |
| १. **लिलावती ढुङ्गाना**को नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स./न.पा. वडा नं. २ स्थित नक्सा सिट नं. २क को कित्ता नं. ५७९ र १२२४ को क्रमशः ७१.९५ र २७.३४ ब.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २. **लिलावती ढुङ्गाना**को नाममा मालपोत कार्यालय बर्दियामा दर्ता रहेको बर्दिया जिल्ला, मगरागढी गा.वि.स./न.पा. वडा नं. ९ स्थित नक्सा सि.नं. ०३४०४७३ र ०३४०४७४ को कित्ता नं. १२१३ र ५६२ को क्रमशः ४१० र ५९८५ ब.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा सुर्खेत शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल ०९ महिना १३ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल ०९ महिना १६ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक | www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## सर्वोच्च विकास बचत तथा ऋण सहकारी संस्था लि.

SACCOS

चावहिल-७,काठमाण्डौं, फोन नं: ०१-४५६२३७७

### तेईसौ वार्षिक साधारण सभा सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा मिति २०८२।०८।२१ मा बसेको संचालक समितिको १६०औं बैठकको निर्णयनुसार यस संस्थाको तेईसौ वार्षिक साधारण सभा तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**साधारण सभा हुने मितिः**२०८२ पौष २६ शनिबार
**साधारण सभा हुने समयः** बिहान १०:०० बजे देखी
**साधारण सभा हुने स्थानः** संस्थाको कार्यालय भवन, चावहिल

**संचालक समितिको आज्ञाले**
**सचिव**



## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९९४/०३/२७

स्वर्गारोहणः
वि.सं. २०८२/०८/२४

### स्व. सिताराम सिवाकोटी

रिलायन्स एजुकेसन नेटवर्कका सञ्चालक तथा सिनियर चार्टर एकाउन्टेन्ट श्री राजुकुमार सिवाकोटीका पूजनीय पिता स्व. सिताराम सिवाकोटीको आज पर्न गएको १३ औं पुन्यतिथिमा उहाँको बैकुण्ठ बास होस् भनी कामना गर्दछौं साथै यस दु:खद् घडिमा शोकाकुल परिवारजनप्रति समवेदना ब्यक्त गर्दै सम्पूर्णमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

Reliance Education Network
THE WORLD NEEDS YOU
2050 B.S.
REN

अध्यक्ष
तथा
रिलायन्स एजुकेसन नेटवर्क परिवार



## Molung Rural Municipality
### Office of the Rural Municipal Executive
Prapcha, Okhaldhunga

### Amendment Notice

Date of Publication: 21-12-2025

This is to inform all the concerned bidders that the bids (Works under NCB) as per the invitation notice published on national daily newspaper have been amended as mentioned below.
For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np).

| S.N. | Description of Work | Contract Identification No. | Published Date | Last Date of Bid Submission |
|---|---|---|---|---|
| 1 | Rampur Rangadip Prasasakiya Bhawan Road Maintenance Project | 02/NCB/WORKS/MRM/082/83 | 25-11-2025 | 28-12-2025 |
| 2 | Dhamala Gau Yakikrit Purbadhar Nirman and Kuntadevi Pasaldada Road Maintenance Project | 03/NCB/WORKS/MRM/082/83 | 25-11-2025 | 28-12-2025 |